लुम्बिनी प्रदेश सरकार
**सामाजिक विकास मन्त्रालय**
राप्ती उपत्यका (देउखुरी), नेपाल

# औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसीप कार्यक्रम) का लागि शिक्षालय/विद्यालयहरुले प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति:२०८०।०३।२१ गते**

नेपाल सरकार र स्विजरल्यान्ड सरकारबीच भएको द्विपक्षीय सम्झौता अनुसार प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम (TVET) का क्षेत्रमा संचालित दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना दोस्रो (ENSSURE II) अन्तर्गत यस मन्त्रालयको बजेटबाट लुम्बिनी प्रदेशका शिक्षालयहरु/विद्यालयहरु मार्फत २४ महिने अप्रेन्टिसीप कार्यक्रम (औद्योगिक प्रशिक्षार्थी तालिम) संचालन गर्नु पर्ने भएकोले यो कार्यक्रम संचालन गर्न इच्छुक लुम्बिनी प्रदेश भित्र संचालनमा रहेका आंगिक शिक्षालय, साझेदार शिक्षालय र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) संचालित इच्छुक शिक्षालय/विद्यालयहरुले तल उल्लेखित सर्तका आधारमा सामाजिक विकास मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मिति २०८०।०४।04 गते भित्रमा प्रस्ताब पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएकोछ। विस्तृत जानकारी, स्वीकृत बिषयको विवरण र प्रस्तावको ढाँचा सामाजिक विकास मन्त्रालयको वेब साइट htpps:/mosd.lumbini.gov.np बाट डाउनलोड गर्न सकिने छ।

**तपसिल**

१. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट स्वीकृत **औद्योगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिसीप) संचालन कार्यविधि,** बमोजिम विद्यार्थी छनौट, भर्ना र कार्यक्रम संचालन हुनेछ |

२. शिक्षालय र उद्योग/व्यावसाय दुवै स्थानमा रहेर कार्यस्थलमा आधारित सिकाई बिधि अन्तर्गत संचालन हुने अप्रेन्टिसीप कार्यक्रम २४ महिना अवधिको हुनेछ |

३. कार्यक्रमको २४ महिने अवधि मध्ये १९.५ महिना अर्थात् ७८ हप्ता प्रशिक्षार्थीहरुले सम्बन्धित उद्योग व्यवसायमा नै रहेर कार्यस्थलमा आधारित तालिम दिनुपर्ने भएकाले तालिम संचालन गर्ने बिषयसँग सम्बन्धित सम्भावित उद्योग/व्यावसायको विवरण प्रस्ताब साथ पेश गर्नु पर्ने छ |

४. अप्रेन्टिसीप तालिम कार्यक्रममा छनौट भइ अध्ययन गर्ने प्रशिक्षार्थीहरुले नि:शुल्क अध्ययनको अवसर प्राप्त गर्नेछन | यस कार्यक्रम संचालन गर्ने शिक्षालय/विद्यालयहरुलाई संचालन खर्च वापत प्रति विद्यार्थी इकाई लागतका आधारमा मन्त्रालयबाट संचालन अनुदान निकासा हुनेछ |

५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बाट अप्रेन्टिसीप कार्यक्रमका लागि स्वीकृत भएका सात ओटा बिषयहरु, Electrical Engineering, Mechanical Engineering, Automobile Engineering, Hotel Management, Information Technology, Civil Engineering (Building Construction), Early Childhood Development Facilitation (ECDF), मध्येबाट कार्यक्रम संचालनको लागि प्रस्ताब पेश गर्नुपर्नेछ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बाट थप बिषयको पाठ्यक्रम स्वीकृत भएमा स्वीकृत भएपछि पुनः सूचना प्रकाशन गरिनेछ |

६. तालिम संचालनका लागि बढीमा दुईवटा विषयका लागि मात्र प्रस्ताब पेश गर्न सकिनेछ | प्रति कार्यक्रम २० वा ३० वा ४० जना प्रशिक्षार्थी भर्ना गर्ने गरि प्रस्ताब पेश गर्न सकिनेछ |

७. अप्रेन्टिसीप कार्यक्रमका लागि स्वीकृत बिषयहरु मध्ये प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट प्रि-डिप्लोमा वा डिप्लोमा तहको सम्बन्धन प्राप्त भइ नियमित कक्षा संचालन भएको बिषयमा मात्र प्रस्ताब पेश गर्नु पर्नेछ |

८. विद्यार्थी भर्ना सम्बन्धी सूचना, परीक्षा सञ्चालन र उत्तीर्ण प्रशिक्षार्थीहरुलाई नियम अनुसार प्रमाण-पत्र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् बाट प्रदान हुनेछ |

९. तोकिएको समय भित्र दर्ता भएका प्रस्ताब मध्येबाट संस्था, बिषय र कोटा संख्या सामाजिक विकास मन्त्रालयले छनौट गर्ने छ |

१०. परियोजनाको तर्फबाट HELVETAS नेपालले कार्यक्रम सञ्चालनमा प्राविधिक सहयोग गर्नेछ।